# प्रूडेन्सियल क्यापिटल म्यानेजमेन्ट कं. प्रा.लि.
# Prudential Capital Management Co. Pvt. Ltd.

ट्रेड टावर सातौतल्ला, थापाथली-११, काठमाडौं
फोन नं. ५१११९०४, फ्याक्स नं. ५१११९०७


## प्रूडेन्सियल क्यापिटल म्यानेजमेन्ट कं. प्रा.लि. को स्वामित्वमा रहेको तपसिल बमोजिमका कम्पनीहरुको संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७८/०५/३१**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७८/०६/०८**

प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनी प्रा.लि.को स्वामित्वमा रहेको तपसिल बमोजिमका कम्पनीहरुको संस्थापक समूहको शेयरहरु बिक्री गर्ने यस कम्पनीहरुको निर्णय अनुसार तपसिल बमोजिमका कम्पनीहरुको शेयरहरु खरीद गर्ने योग्य इच्छुक सम्बन्धित कम्पनीको विद्यमान संस्थापकहरु वा जो कोहि व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७८ साल आश्विन ८ गते** कार्यालय समयभित्र तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र): |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ। |

**तपसिल**

| सि.नं. | कम्पनीहरुको नाम | जम्मा कित्ता | न्यूनतम मूल्य | न्यूनतम आवेदन दिनुपर्ने कित्ता |
|---|---|---|---|---|
| १. | **प्रभु बैंक लिमिटेड** | ५०,००० | २०५ | २,००० |
| २. | **नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड** | १,००,००० | ४२१ | २,००० |
| ३. | **नेपाल ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड** | ३५,००० | ४०० | २,००० |
| ४. | **प्राइम कमर्शियल बैंक लिमिटेड** | १,००,००० | २०८ | २,००० |

**शर्तहरु:**

१. माथि उल्लेखित कम्पनीहरुको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरु सहभागी हुन सक्ने छन्।
२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ।
३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
४. शेयर खरिदको लागि न्यूनतम मूल्य **प्रभु बैंक लिमिटेडको हकमा प्रति कित्ता रु.२०५/- (दुइ सय पाँच मात्र), नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकमा प्रति कित्ता रु.४२१/- (चार सय एक्काइस मात्र), नेपाल ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको हकमा प्रति कित्ता रु.४००/- (चार सय मात्र) र प्राइम कमर्शियल बैंक लिमिटेडको हकमा प्रति कित्ता रु.२०८/- (दुई सय आठ मात्र)** तोकिएको हुँदा उक्त मुल्य भन्दा कम मूल्य अंकित गरि पेश गरेको आवेदन स्वतः रद्द हुनेछ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा माथि उल्लेखित सम्पूर्ण कम्पनीहरुको न्यूनतम २,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन। तर शेयर खरीद गर्ने आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन।
६. शिलबन्दी खाम बाहिर "**आफूले लिन चाहेको सम्बन्धित कम्पनीको नाम तथा संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनुपर्ने छ। साथै आवेदन दिँदा हरेक कम्पनीको लागि छुट्टाछुट्टै आवेदन फाराम र शिलबन्दी खाम पेश गर्नु पर्ने छ।
७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आजको मिति २०७८/०५/३१ पश्चात् सम्वन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरुले प्राप्त गर्ने छन्।
८. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरीद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नुपर्नेछ।
९. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले सम्बन्धित नियमनकारी निकायको संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। साथै, विद्यमान संस्थापकहरुको हकमा आफ्नो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ।
१०. सबैभन्दा बढी मुल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता कम्पनीमा निहित रहने छ।
११. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरीदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।
१२. प्राप्त बोलपत्रहरु सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।
१३. कम्पनीको हकमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि संलग्न गर्नुपर्नेछ।
१४. म्याद नाघि आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।
१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न सम्बन्धित बिक्रीकर्ता कम्पनीले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।
१६. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरीद कारोवार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन। शेयर खरीद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनु पर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।
१७. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरी हितग्राही खाता खोल्न सक्नुहुनेछ।
१९. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।


**बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भबन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com



**मिति २०७८/०५/३१ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने।**